# दूरसञ्चार नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति:
२०५४।०७।१८

संशोधन

| | | |
|---|---|---|
| १. | दूरसञ्चार (पहिलो संशोधन) नियमावली, २०५५ | २०५५।११।१७ |
| २. | दूरसञ्चार (दोस्रो संशोधन) नियमावली, २०५८ | २०५८।१२।१४ |
| ३. | दूरसञ्चार (तेस्रो संशोधन) नियमावली, २०५९ | २०५९।०१।१२ |
| ४. | दूरसञ्चार (चौथो संशोधन) नियमावली, २०६४ | २०६४।०६।१४ |
| ५. | दूरसञ्चार (पाँचौ संशोधन) नियमावली, २०६८ | २०६८।१०।०२ |
| ६. | दूरसञ्चार (छैठौं संशोधन) नियमावली, २०६९ | २०६९।०९।२३ |
| ७. | दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५ | २०७५।०६।२३ |
| ८. | दूरसञ्चार (आठौं संशोधन) नियमावली, २०७५ | २०७५।१०।२१ |
| ९. | दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६ | २०७६।०४।१५ |
| १०. | दूरसञ्चार (दशौं संशोधन) नियमावली, २०८१ | २०८१।०७।१२ |

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "दूरसञ्चार नियमावली, २०५४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "निरीक्षक" भन्नाले ऐनको दफा १७ को उपदफा (२) बमोजिम निरीक्षण वा जाँचबुझ गर्न प्राधिकरणबाट तोकिएको व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले ऐनको दफा ४९ बमोजिमको रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## अध्यक्ष तथा सदस्यको योग्यता सम्बन्धी

[∉]३. **अध्यक्ष तथा सदस्यको योग्यता:** प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनको लागि ऐनको दफा ५ को उपदफा (१) मा उल्लेखित क्षेत्रमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा अध्यक्षको हकमा कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिक हुनु पर्नेछ ।

[ℏ]३क. **कार्यवाहक अध्यक्ष तोक्न सक्ने:** नेपाल सरकारले अध्यक्षको पद कुनै कारणले रिक्त भएमा अध्यक्षको पदपूर्ति नभएसम्मका लागि सदस्य वा प्राधिकरणको कुनै वरिष्ठ निर्देशकलाई बढीमा छ महिना सम्मका लागि कार्यवाहक अध्यक्ष भई कामकाज गर्न तोक्न सक्नेछ ।

४. **अध्यक्षको काम कर्तव्य र अधिकार:** अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने,

(ख) प्राधिकरणको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी गराई प्राधिकरणको बैठकमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको रेखदेख तथा नियन्त्रण गर्ने,

(घ) प्राधिकरणको सम्पत्तिको स्याहार सम्भार गर्ने, गराउने,

(ङ) प्राधिकरण र नेपाल सरकार तथा अन्य संघ संस्था बीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(च) ऐन वा यस नियमावली बमोजिम प्राधिकरणबाट प्रत्यायोजित अन्य काम गर्ने, गराउने ।

५. **अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाको अन्य शर्त:** अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाको अन्य शर्तहरू ऐन वा यस नियमावली अन्तर्गत बनाइने विनियममा तोकिए बमोजिम हुनेछ र

---

[∉] दोस्रो संशोधनद्वारा संशोधित ।

[ℏ] आठौं संशोधनद्वारा थप ।

विनियमावली नबनेसम्म निजको पारिश्रमिक, सुविधा र सेवाको अन्य शर्तहरू नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

६. **बैठक भत्ता:** अध्यक्ष तथा सदस्यहरूले प्राधिकरणको प्रत्येक बैठकमा भाग लिए बापत मन्त्रालयले तोकिदिए बमोजिमको रकम बैठक भत्ता पाउने छन् ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

७. **अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने:** (१) ऐनको दफा २३ को उपदफा (१) बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न चाहने नियम ८ बमोजिमको पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता भएका व्यक्तिले ऐनको दफा २२ को उपदफा (१) बमोजिम प्राधिकरणले प्रकाशन गरेको सार्वजनिक सूचनामा उल्लिखित म्याद भित्र आफूले सञ्चालन गर्न चाहेको दूरसञ्चार सेवा सम्बन्धी आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य सञ्चालन योजना संलग्न गरी सो सूचनामा उल्लिखित कुराहरू समेत खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २३ को उपदफा (२) बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र लिनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा जुनसुकै बखत प्राधिकरण समक्ष निवेदन दिन सकिनेछ ।

(३) ऐनको दफा २३ को उपदफा (३) बमोजिम ऐन प्रारम्भ हुनु अगावै नेपाल सरकारबाट अनुमतिपत्र लिई दूरसञ्चार सेवा सञ्चालन गरिरहेका व्यक्तिले अनुमतिपत्र लिनको लागि ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र अनुसूची (२) बमोजिको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

[µ]७क. **पुनः अनुमतिपत्र प्राप्त गर्न निवेदन दिने:** (१) दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र लिँदाको बखत जम्मा पुँजी लगानीको पचास प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानी भएको दूरसञ्चार सेवाको सञ्चालन अनुमतिपत्रको अवधि समाप्त भएको त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले ऐनको दफा ३३ को उपदफा (४) बमोजिम पुनः अनुमतिपत्र लिन चाहेमा साबिकको अनुमतिपत्रको शर्त बमोजिम नेपाल सरकार तथा प्राधिकरणलाई बुझाउनु पर्ने रोयल्टी तथा ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासको लागि बुझाउनु पर्ने रकम

---

µ दशौं संशोधनद्वारा थप ।

चुक्ता गरी सोको निस्सा सहित अनुसूची-२क. बमोजिमको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पुनः अनुमतिपत्र दिन उपयुक्त देखिएमा निवेदकलाई यस नियमावली बमोजिम नयाँ अनुमतिपत्र प्रदान गर्दा लाग्ने सरहको अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, रोयल्टी र ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासको लागि बुझाउनु पर्ने रकम समेतको शुल्क निर्धारण गरी अनुमतिपत्रको अवधि समाप्त भएको मितिदेखि लागु हुने गरी अनुसूची-४ बमोजिमको ढाँचामा पुनः अनुमतिपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त अनुमतिपत्रको अवधि ऐनको दफा २५ को उपदफा (१) बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम पुनः अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै यस नियम बमोजिम निर्धारण भएको नवीकरण दस्तुर संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन प्राप्त हुन आएमा प्राधिकरणले निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ।

(५) यस नियम बमोजिम पुनः अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (४) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र बहाल रहने अवधिभित्रै प्राधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा प्राधिकरणले नवीकरण दस्तुरको पन्ध्र प्रतिशत थप दस्तुर समेत लिई निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ ।

(६) उपनियम (४) र (५) बमोजिम अनुमतिपत्रको नवीकरण गर्दा ऐनको दफा २५ को उपदफा (२) को अधीनमा रही अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

(७) उपनियम (५) बमोजिमको म्याद भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र नवीकरण गरिने छैन ।

८. <u>अनुमतिपत्र लिन चाहिने पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षताः</u> नियम ७ को उपनियम (१) बमोजिम अनुमतिपत्र लिनको लागि अनुसूची-३ मा तोकिए बमोजिमको पूँजी र प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता हुनु पर्नेछ ।

९. <u>आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य सञ्चालन योजनामा खुलाउनु पर्ने कुराहरूः</u> नियम ७ को उपनियम (१) बमोजिम संलग्न गर्नु पर्ने आर्थिक तथा प्राविधिक अध्ययन

प्रतिवेदन र कार्य सञ्चालन योजनामा निवेदकले अन्य कुराहरुको अतिरिक्त देहायका कुराहरू अनिवार्य रूपले खुलाएको हुनु पर्नेछः-

(क) दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकम,

(ख) लगानी गर्ने क्षमता,

(ग) दूरसञ्चार सेवाको लागि प्रयोग गरिने दूरसञ्चार प्रणाली, त्यसको गुणस्तर तथा क्षमता,

(घ) दूरसञ्चार सेवा सञ्चालन गर्दा जग्गा प्राप्ति गर्नु पर्ने भए सो र मुआव्जा दिनु पर्ने भए क्षतिपूर्तिको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थासँग सम्झौता गर्नु पर्ने भए सम्झौताका कुराहरू,

(च) दूरसञ्चार सेवाको सञ्चालन विधि,

(छ) दूरसञ्चार सेवा सञ्चालन गरे वापत ग्राहकसँग लिने शुल्कको रकम,

(ज) प्राधिकरणले तोकिदिएका अन्य आवश्यक कुराहरू ।

१०. **अनुमतिपत्र दिनु पर्नेः** (१) नियम ७ को उपनियम (१) बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदन साथ संलग्न कागजातहरू जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा एकजना व्यक्ति मात्र त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्न योग्य देखिएमा प्राधिकरणले त्यस्तो व्यक्तिसँग वार्ताद्वारा अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर र रोयल्टी निर्धारण गरी निवेदकलाई अनुसूची -४ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निवेदन दिने एक जना भन्दा बढी व्यक्तिहरू त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्न योग्य देखिएमा प्राधिकरणले ती सबै व्यक्तिहरूलाई अनुमतिपत्र दस्तुर, नविकरण दस्तुर र रोयल्टीका सम्बन्धमा बढाबढ गर्न सुचना दिई बढाबढमा सबभन्दा बढी बोल कवोल गर्ने व्यक्तिलाई उपनियम (१) बमोजिम अनुमतिपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिंदा प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिले कबूल गरेका अनुमतिपत्र दस्तुर, सो अनुमतिपत्र पहिलो पटक नविकरण गरे बापत बुझाउने दस्तुर र अनुमतिपत्रको अवधिभर बुझाउन कबूल गरेको रोयल्टी रकम हिसाब गर्दा सबभन्दा बढी रकम बुझाउन कबोल गर्ने व्यक्तिलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम दिईने अनुमतिपत्रको लागि कबूल गर्नु पर्ने अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नविकरण दस्तुर र रोयल्टीको न्यूनतम रकम प्राधिकरणले ऐनको दफा २२ को उपदफा (१) बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) नियम ७ को उपनियम (२) बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदन साथ संलग्न कागजात जाँचबुझ गर्नेछ र √त्यसरी जाँचबुझ गर्दा अनुमतिपत्र दिन उपयुक्त देखिएमा निवेदन दिने व्यक्तिलाई उपनियम (१) बमोजिम अनुमतिपत्र दिनु पर्नेछ ।

(६) नियम ७ को उपनियम (३) बमोजिम अनुमतिपत्रको लागिकुनै निवेदन परेमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई अनुसूची-५ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(७) यस नियम बमोजिम अनुमतिपत्र दिंदा अपनाउनु पर्ने अन्य कार्यविधि प्राधिकरणले तोके बमोजिम हुनेछ ।

•**१०क. लगानी गर्न नसक्ने:** कुनै एक अनुमतिपत्र प्राप्त व्यक्ति, त्यसको सहायक कम्पनी, सञ्चालक, आधारभूत शेयरधनी वा निजको परिवारको सदस्य वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको कुनै फर्म वा कम्पनीले अर्को अनुमति प्राप्त व्यक्तिको पूँजी संरचनामा एक प्रतिशत भन्दा बढी स्वपूँजी (इक्वीटि) वा ऋण दिई लगानी गर्न वा गराउन सक्ने छैन ।

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि “परिवार” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक वा आधारभूत शेयरधनीको सगोलको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजुभाउजु, भाइबुहारी र दिदी बहिनी सम्झनु पर्छ ।

**११. अनुमतिपत्र दस्तुर:** (१) नियम १० को उपनियम (५) र (६) बमोजिम दिईने अनुमतिपत्रको लागि देहाय बमोजिमको अनुमतिपत्र दस्तुर लाग्नेछः-

(क) नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको लागि अनुसूची-६ मा तोकिए बमोजिमको दस्तुर,

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

• सातौं संशोधनद्वारा थप ।

√(ख) नियम १० को उपनियम (६) बमोजिम दिइने अनुमतिपत्रको लागि अनुसूची-६(क) मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर ।

√(२) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले तिर्नुपर्ने अनुमतिपत्र दस्तुर एकैपटक वा प्राधिकरणले तोके बमोजिम किस्ताबन्दीको आधारमा अनुमतिपत्रको अवधि भित्र बुझाउनु पर्नेछ ।

## परिच्छेद-४

## अनुमतिपत्रको नवीकरण, संशोधन र हस्तान्तरण

१२. **अनुमतिपत्रको अवधि र नवीकरणः** √(१) अनुमतिपत्रको अवधी ऐनको दफा २५ को उपदफा (१) को अधीनमा रही देहाय बमोजिमको हुनेछः-

❀(क) नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको अवधि ऐनको दफा २३ को उपदफा (२) बमोजिम नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिए बमोजिम,

तर यो खण्ड प्रारम्भ हुनु अघि प्रदान गरिएका अनुमतिपत्रको अवधि सोही अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ ।

(ख) नियम १० को उपनियम (१), (२) र (६) बमोजिम दिइने अनुमतिपत्रको अवधि अनुमतिपत्रमा तोकिए बमोजिम ।

√(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा ▪तीन महिना अगावै नियम १० को उपनियम (१) र (२) बमोजिम पाएको अनुमतिपत्रको लागि आफूले कबुल गरेको नवीकरण दस्तुर र नियम १० को उपनियम (५) र (६) बमोजिम पाएको अनुमतिपत्र नवीकरणको लागि अनुसुची -७ मा तोकिए बमोजिमको नवीकरण दस्तुर संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

▪(३) कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण गराउन निवेदन दिन नसकेको कारण खुलाई अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र वहाल रहने अवधिभित्रै प्राधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो कारण

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

❀ पाँचौ संशोधनद्वारा संशोधित ।

▪ चौथो संशोधनद्वारा संशोधित ।

मनासिब देखिएमा प्राधिकरणले नवीकरण दस्तुरको पन्ध्र प्रतिशत थप दस्तुर समेत लिई निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र नवकिरण गरिने छैन ।

१३. **<u>अनुमतिपत्रमा संशोधन गर्न सकिनेः</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न आवश्यक देखेमा सो संशोधन गर्नु परेको कारण खुलाई अनुसूची-८ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा अनुमतिपत्रमा संशोधनको लागि दिईएको कारण मनासिव र उचित देखिएमा अनुमतिपत्रमा मूलभुत कुरा फरक नपर्ने भएमा पन्ध्र हजार रुपैयाँ दस्तुर लिई अनुमतिपत्रमा संशोधन गरिदिनु पर्नेछ ।

१४. **<u>अनुमतिपत्रको बिक्री वा हस्तान्तरणः</u>** (१) ऐनको दफा २७ बमोजिम अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गरी लिन दिन चाहने व्यक्तिले आपसमा निर्धारित तत्सम्बन्धी शर्त बन्देज समेत उल्लेख गरी स्वीकृतिको लागि अनुसूची-९ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी वा विवरण लिन आवश्यक देखिएमा प्राधिकरणले त्यसरी निवेदन दिने व्यक्तिहरूसँग थप विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन र निवेदन साथ संलग्न कागजात तथा उपनियम (२) बमोजिम माग गरिएको थप जानकारी वा विवरण समेतवाट अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गरी दिन उचित देखेमा प्राधिकरणले निवेदकहरूसँग अनुमतिपत्र दस्तुरको पाँच प्रतिशतले हुने रकम लिई अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिनु पर्नेछ ।

## परिच्छेद-५

## <u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरू</u>

१५. **<u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरूः</u>** (१) ऐन वा यस नियमावलीमा उल्लिखित शर्तहरूको अतिरिक्त अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरू पालन गर्नु पर्नेछः-

(क) प्राधिकरणले निर्धारण गरिदिएको गुणस्तर अनुसारको दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरण प्रयोग गरी ग्राहकलाई दूरसञ्चार सेवा उपलव्ध गराउनु पर्ने ।

(ख) प्राधिकरणले समय समयमा तोकिदिएको न्यूनतम स्तर अनुरूप दूरसञ्चार सेवा सञ्चालन गर्नु पर्ने ।

(ग) एक अनुमतिपत्र प्राप्त व्यक्तिले जडान गरेको दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरण अर्को अनुमतिपत्र प्राप्त व्यक्तिको सहमति बेगर प्रयोग गर्न नहुने ।

(घ) बिजुलीको पोलबाट सकभर दूरसञ्चार लाइन वितरण नगर्ने र बितरण गर्नु पर्ने भएमा पनि सम्बन्धित निकायको स्वीकृति लिई बिजुलीबाट सुरक्षित हुने किसिमले मात्र बितरण गर्ने ।

(ङ) ∂.................

(च) ग्राहकलाई दूरसञ्चार सेवा बितरण गर्दा ग्राहकसँग गरिएको सम्झौता अनुरूप दूरसञ्चार सेवा उपलव्ध गराउनु पर्ने ।

(छ) फ्रिक्वेन्सी प्रयोग हुने दूरसञ्चार सेवाको लागि अनुमतिपत्रमा तोकिएको फ्रिक्वेन्सी मात्र प्रयोग गरी दूरसञ्चार सेवा सञ्चालन गर्नु पर्ने ।

(ज) ग्राहकलाई उपलव्ध गराएको दूरसञ्चार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरूप निशुल्क मर्मत सम्भार गर्नु पर्ने ।

 ⧉तर दूरसञ्चार सेवा अन्तर्गतका फिक्स्ड वायर्ड ब्रोडव्याण्ड सेवा प्रदान गरे बापत लाग्ने महसुलमा बढीमा पचास प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्नेछ ।

(झ) ग्राहकहरूको सुविधा तथा जानकारीको लागि टेलिफोन डाइरेक्ट्री लगायत दूरसञ्चार सम्बन्धी अन्य सामाग्री प्रकाशन गर्नु पर्ने ।

(ञ) अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आई.टि.यू.) ले दूरसञ्चार सेवा सञ्चालन सम्बन्धमा तोकिदिएको न्यूनतम स्तर अनुरूप हुने गरी दूरसञ्चार सेवा सञ्चालन गर्नु पर्ने ।

---

∂ पहिलो संशोधनद्वारा झिकिएको।

⧉ नवौं संशोधनद्धारा थप ।

•(ट) चुक्ता पूँजीको पाँच प्रतिशतभन्दा बढी शेयर खरिद वा बिक्री गर्नु अघि प्राधिकरणको स्वीकृती लिनु पर्ने ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्दा पालन गर्नु पर्ने अन्य शर्तहरू अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## निरीक्षण, प्रतिवेदन तथा कार्यान्वयन

१६. **निरीक्षण वा जाँचबुझ गराउन सक्ने:** प्राधिकरणले आवश्यक देखेमा अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलव्ध गराएको दूरसञ्चार सेवाको सम्बन्धमा निरीक्षण वा जाँचबुझ गर्न गराउन सक्नेछ ।

१७. **निरीक्षण वा जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि:** ऐन वा यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलव्ध गराएको दूरसञ्चार सेवाको सम्बन्धमा निरीक्षण वा जाँचबुझ गर्दा प्राधिकरणले कुनै विषय किटान गरी निरीक्षण वा जाँचबुझ गर्न आदेश दिएकोमा बाहेक निरीक्षकले प्रचलित कानूनको अधीनमा रही देहायका बिषयमा निरीक्षण वा जाँचबुझ गर्नु पर्नेछः-

(क) प्राधिकरणले निर्धारण गरेको गुणस्तर बमोजिमको दूरसञ्चार सम्बन्धी यन्त्र तथा उपकरण प्रयोग गरी अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गरेको छ छैन,

(ख) प्राधिकरणले तोकिदिएको न्यूनतम स्तर अनुरूप दूरसञ्चार सेवा सञ्चालन भएको छ छैन,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले प्राधिकरणबाट स्वीकृत भए बमोजिमको सेवा शुल्क उठाएको छ छैन,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिबाट ऐन वा यस नियमावली बमोजिम पालन गर्नु पर्ने शर्त अनुरूपको काम कारबाही भएको छ छैन ।

१८. **निरीक्षकको अधिकार:** नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझको सिलसिलामा निरीक्षकलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) दूरसञ्चार प्रणाली प्रयोग गरिएको ठाँउमा प्रवेश गर्न,

---

• सातौं संशोधनद्वारा थप ।

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिसँग कुनै विवरण वा जानकारी माग गर्न,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई उपलव्ध गराएको दूरसञ्चार सेवा तथा त्यस्तो सेवा सञ्चालन गर्दा प्रयोग भएका दूरसञ्चार प्रणालीको गुणस्तर जाँच गर्न,

(घ) दूरसञ्चार सेवा सञ्चालनमा संलग्न जुनसुकै व्यक्तिसँग वयान लिन,

(ङ) निरीक्षण वा जाँचबुझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई दूरसञ्चार सेवा सञ्चालन सम्बन्धमा तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा सो दिन,

(च) निरीक्षण वा जाँचबुझ सम्बन्धमा आवश्यक अन्य काम गर्न ।

≥**१८क. <u>प्राधिकरणलाई जानकारी दिनु पर्ने:</u>** निरीक्षकले ∉<u>नियम</u> १८ को खण्ड (ङ) बमोजिम अनुमति प्राप्त व्यक्तिलाई कुनै आदेश दिएको भए त्यसको जानकारी तीन दिन भित्र प्राधिकरणलाई दिनु पर्नेछ।

**१९. <u>निरीक्षकको आदेश पालन गर्नु पर्ने:</u>** (१) निरीक्षकले नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिलाई कुनै आदेश दिएकोमा सो आदेश बमोजिमको काम गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले दिएको आदेश उपर चित्त नबुझने व्यक्तिले तीस दिन भित्र प्राधिकरण समक्ष उजुरी दिन सक्नेछ र सो उजुरीका सम्बन्धमा प्राधिकरणबाट भएको निर्णय अन्तिम हुनेछ ।

**२०. <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u>** (१) नियम १७ बमोजिम निरीक्षण वा जाँचबुझ गरिसकेपछि निरीक्षकले निरीक्षण वा जाँचबुझ सम्बन्धी विस्तृत प्रतिवेदन ≥<u>दश दिनभित्र</u> प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवदेनमा अन्य कुराहरूको अतिरिक्त देहायका कुराहरू खुलाएको हुनु पर्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलव्ध गराएको दूरसञ्चार सेवा सम्बन्धमा निरीक्षण वा जाँचबुझ गरिएको विषय,

---

≥ पहिलो संशोधनद्वारा थप ।

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) निरीक्षण वा जाँचबुझको सिलसिलामा कुनै प्राविधिक जाँच गरेको भए कुन दूरसञ्चार प्रणालीको जाँच गरिएको हो सो विषय,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले ऐन वा यस नियमावली बमोजिम पालन गर्नु पर्ने शर्तहरू पालन गरे नगरेको छुट्टा छुट्टै विवरण,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै शर्त पालन नगरेको भए के कति कारणले पालन नगरेको हो सो विषय,

(ङ) निरीक्षण वा जाँचबुझको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिलाई तत्काल कुनै काम गर्न आदेश दिएको भए सो आदेश दिएको विषय र सो दिनाको कारण ।

२१. **प्रतिवेदन कार्यान्वयन गर्नेः** (१) नियम २० बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्राधिकरणले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप जानकारी लिनु पर्ने देखिएमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई विवरण वा कागजात पेश गर्न आदेश दिन, आफु समक्ष उपस्थित गराई बयान लिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको काम कारबाही वा निजले उपलव्ध गराएको दूरसञ्चार सेवाको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई कुनै आदेश दिन उपयुक्त देखेमा सो अनुरुप काम गर्न मनासिब माफिकको समय दिनेछ र त्यसरी दिइएको आदेश अनुरूप यथासमयमा काम गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद-७

## दूरसञ्चार सम्बन्धी विवाद र त्यसको समाधान

२२. **प्राधिकरण समक्ष उजुरी दिन सक्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच वा अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच दूरसञ्चार सेवा सम्बन्धमा कुनै विवाद परेमा त्यसबाट मर्का पर्ने पक्षले त्यसको कारण समेत खुलाई प्राधिकरण समक्ष उजुरी दिन सक्नेछ ।

२३. **अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विवाद परेमा गर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच दूरसञ्चार सेवा सम्बन्धमा विवाद परी नियम २२ बमोजिम प्राधिकरण समक्ष उजुरी परेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिहरूलाई झिकाई आपसी छलफलबाट विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आपसी छलफलबाट विवादको समाधान हुन नसकेमा प्राधिकरणले सो प्रयोजनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिहरूको एक एक जना प्रतिनिधिहरू र प्राधिकरणको एक जना प्रतिनिधि रहेको एक मध्यस्थ नियुक्त गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त मध्यस्थले विवादको समाधान गर्नको लागि आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(४) उपनियम (२) बमोजिम नियुक्त मध्यस्थले पन्ध्र दिन भित्र विवादको समाधान सम्बन्धमा आफ्नो निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मध्यस्थले गरेको निर्णय सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिहरूलाई मान्य हुनेछ ।

२४. **अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच विवाद परेमा गर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहक बीच दूरसञ्चार सेवा सम्बन्धमा विवाद परी नियम २२ बमोजिम प्राधिकरण समक्ष उजुरी परेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति र ग्राहकलाई झिकाई दुबै पक्षसँग छलफल गरी विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आपसी छलफलबाट विवादको समाधान हुन नसकेमा प्राधिकरणले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकलाई उपयुक्त सम्झेको कुनै आदेश दिन सक्नेछ र सो आदेश अनुरूपको काम गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा ग्राहकको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## विविध

२५. **ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा सञ्चालन गर्नु पर्नेः** नियम १० को उपनियम (१) र (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो कूल लगानीको पन्ध्र प्रतिशत ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनमा लगाउनु पर्नेछ ।

√२६. **रोयल्टी बुझाउनु पर्नेः** (१) नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले गरेको बार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष

√ पहिलो संशोधनद्वारा संशोधित ।

रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु ♫पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ।

ϑ**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "वार्षिक कुल आम्दानी" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मुल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा प्रदान गरे वापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउँछ ।

२७. **पुनरावेदन समितिः** (१) ऐनको दफा ४८ बमोजिम पुनरावेदन गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सदस्यहरू रहेको एक पुनरावेदन समिति रहनेछः-

(क) पुनरावेदन अदालतको बहालवाला न्यायाधिश वा नेपाल न्याय सेवाको विशिष्ठ श्रेणीको अधिकृत -अध्यक्ष

(ख) नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको विशेषज्ञ अधिकृत -सदस्य

(ग) कानूनको क्षेत्रमा अनुभव प्राप्त गरेका अधिकृत कर्मचारीहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -सदस्य

(२) मन्त्रालयले तोकेको अधिकृत कर्मचारीले पुनरावेदन समितिको सचिव भई काम गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

---

♫ सातौं संशोधनद्वारा संशोधित ।

ϑ दोस्रो संशोधनद्धारा थप ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) समितिको बैठकको निर्णय समितिको सचिवले अध्यक्षद्वारा प्रमाणित गराई अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **रेडियो फ्रिक्वेन्सी निर्धारण तथा बाँडफाँड गर्ने तरिका र कार्यविधिः** (१) समितिले अन्यर्राष्ट्रिय दूरसञ्चार संघ (आइ.टि.यू.) ले बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधीनमा रही विभिन्न सेवाको लागि रेडियो फ्रिक्वेन्सीको निर्धारण तथा बाँडफाँड गर्नेछ ।

√(२) उपनियम (१) बमोजिम समितिले निर्धारण तथा बाँडफाँड गरेको फ्रिक्वेन्सीको अधीनमा रही दूरसञ्चार सेवाको लागि प्रयोग हुने फ्रिक्वेन्सी तोक्ने तथा वितरण गर्ने काम प्राधिकरणले गर्नेछ ।

३०. **फ्रिक्वेन्सी वितरण गर्दा शर्त तोक्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्ने सम्बन्धमा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरू प्राधिकरणले तोकिदिनेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको शर्त अनुरूप अनुमतिपत्र प्राप्त व्यक्तिले फ्रिक्वेन्सीको प्रयोग गरे नगरेको सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्ने अधिकार प्राधिकरणलाई हुनेछ ।

(३) उपनियम (२) बमोजिम फ्रिक्वेन्सीको जाँचबुझ वा अनुगमन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले शर्त अनुरूप फ्रिक्वेन्सीको प्रयोग गरेको नदेखिएमा प्राधिकरणले अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिव समय दिई शर्त अनुसार फ्रिक्वेन्सी प्रयोग गर्न मौका दिनेछ । त्यसरी दिइएको समय भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले शर्त अनुरूप फ्रिक्वेन्सीको प्रयोग नगरेमा प्राधिकरणले निजले प्रयोग गरेको फ्रिक्वेन्सीमा रोक लगाउन सक्नेछ ।

३१. **दस्तुर बुझाउनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्ने सम्बन्धमा फ्रिक्वेन्सी प्रयोग गर्दा समितिले तोकिदिए बमोजिमको दस्तुर प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दस्तुर प्राधिकरणले नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

३२. **रेडियो फ्रिक्वेन्सीको अन्तर्राष्ट्रिय तथा बहुउद्देश्यीय समन्वय गर्ने कामः** समितिले तय गरेको रेडियो फ्रिक्वेन्सीको अन्तर्राष्ट्रिय तथा बहुउद्देश्यीय समन्वय सम्बन्धी नीति अनुरूप समन्वय गर्ने काम मन्त्रालयको हुनेछ ।

३३. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ♫छ महिनाभित्र आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाको विवरण र आफ्नो आय व्ययको विवरण मान्यता प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गर्न लगाई प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

३४. **विवरण अद्यावधिक राख्नु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकलाई उपलव्ध गराएको दूरसञ्चार सेवा सम्बन्धी विवरण अद्यावधिक रूपमा तयार गरी राख्नु पर्नेछ र निरीक्षकले आफ्नो निरीक्षण वा जाँचबुझको सिलसिलामा उक्त विवरण हेर्न चाहेमा देखाउनु पर्नेछ ।

•३४क. **आर्थिक प्रशासन सम्बन्धी कुराहरूः** प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी कुराहरू प्राधिकरणले बनाएको तत्सम्बन्धी विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

३३४ख. **प्राधिकरणको संगठनात्मक स्वरुप तथा पदाधिकारी र कर्मचारीको सेवा शर्त** : प्राधिकरणको संगठनात्मक स्वरुप तथा प्राधिकरणका अध्यक्ष, सदस्य र कर्मचारीको पारिश्रमिक, सुबिधा तथा सेवा शर्त सम्बन्धी व्यवस्था मन्त्रालयको सहमति लिई प्राधिकरणले बनाएको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

३३४ग. **प्राधिकरणको वार्षिक कार्यक्रम** : प्राधिकरणले ऐन तथा यस नियमावली बमोजिम कार्य सञ्चालन गर्नको लागि बनाएको वार्षिक कार्यक्रम मन्त्रालयको सहमति लिई स्वीकृत गर्नु पर्नेछ ।

३५. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** नेपाल सरकारले प्राधिकरणको सिफारिशमा अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३६. **खारेजी र बचाउः** (१) देहायका नियमहरू खारेज गरिएका छन्:-

---

♫ सातौं संशोधनद्वारा संशोधित ।

• तेश्रो संशोधनद्वारा थप ।

३ पाँचौं संशोधनद्वारा थप ।

(क) स्थानीय टेलिफोन नियमावली, २०२२

(ख) टेलिफोन कम्यूनिकेशन (अन्तरदेशिय) नियमावली, २०२३

(ग) टेलिकम्यूनिकेशन (अन्तर्राष्ट्रिय) नियमावली, २०२४ ।

(२) उपनियम (१) बमोजिमका नियमावलीहरू बमोजिम भए गरेका काम कारबाहीहरू यसै नियमावली बमोजिम भए गरेका मानिने छन् ।

नेपाल कानून आयोग

अनुसूची-१

(नियम ७ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**अनुमतिपत्रको लागि दिइने निवेदनपत्र**

श्री नेपाल दूरसञ्चार प्राधिकरण

........................................ ।

देहायको दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउनको लागि निम्न विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको :-

(क) नाम :

(ख) ठेगाना :

स्थायी :

अस्थायी :

२. दूरसञ्चार सेवाको किसिम :

३. दूरसञ्चार सेवा सञ्चालन गर्न लाग्ने :

(क) अनुमानित पूँजी :

(ख) प्रस्तावित लगानीः

(ग) लगानीको श्रोतः

४. दूरसञ्चार सेवा सम्बन्धमा :

(क) काम शुरु गर्ने मिति :

(ख) काम सम्पन्न गर्ने मिति :

(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपण :

(घ) नेटवर्क विस्तार :

(ङ) नेटवर्कमा प्रयोग गरिने प्रविधिको विवरण :

(च) प्रदान गरिने सेवाको स्तर :

५. दूरसञ्चार प्रणालीको :-

नेपाल कानून आयोग

(क) निर्माता :

(ख) आयात गरिने मुलुक :

(ग) गुणस्तर :

६. प्रयोग गर्न चाहेको फ्रिक्वेन्सी :

७. ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराउन सकिने मिति :

८. दूरसञ्चार सेवा सञ्चालन गरिने क्षेत्र :

(क) जिल्ला (ख) न.पा./गा.वि.स. (ग) वडा नं:-

९. दूरसञ्चार सेवा सञ्चालन गर्दा हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरण :

(क) अनुमानित सञ्चालन खर्चः

(ख) अनुमानित आयः

(ग) नाफा नोक्सानको हिसावः

(घ) महसुल दरः

१०. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू :

(क) अनुमतिपत्र लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि

(ख) अनुमतिपत्र लिन चाहने व्यक्ति सङ्गठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात

(ग) प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता सम्बन्धी कागजात

(घ) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य सञ्चालन योजना

(ङ) प्राधिकरणद्वारा प्रकाशित सार्वजनिक सूचनामा वा नेपाल सरकारले ऐन वमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोकिदिए वमोजिमका कुराहरू ।

सङ्गठित संस्थाको छाप :

निवेदकको,-

सही :

नाम :

ठेगाना :

मिति :

अनुसूची-२

(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

**अनुमतिपत्र लिनको लागि दिइने निवेदनपत्र**

श्री नेपाल दूरसञ्चार प्राधिकरण

....................................... ।

नेपाल सरकारबाट अनुमति प्राप्त गरी दूरसञ्चार सेवा सञ्चालन गरिहेकोमा दूरसञ्चार ऐन, २०५३ तथा दूरसञ्चार नियमावली, २०५४ वमोजिम अनुमतिपत्र लिनु पर्ने भएकोले देहायका विवरणहरू खुलाई दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउन निवेदन गर्दछु ।

१. अनुमतिपत्र लिन चाहने व्यक्तिको:-

(क) नामः

(ख) ठेगानाः

स्थायीः

अस्थायीः

२. सञ्चालन गरेको दूरसञ्चार सेवाको,-

(क) किसिमः

(ख) सञ्चालन गरेको मितिः

३. दूरसञ्चार सेवा सञ्चालन गर्दा लागेको,:-

(क) प्रस्तावित लगानीः

(ख) लगानीको श्रोतः

४. दूरसञ्चार प्रणालीको, -

(क) निर्माताः

(ख) आयात गरिएको मुलुकः

(ग) गुणस्तरः

५. प्रयोग गरेको फ्रिक्वेन्सीः-

६. दूरसञ्चार सेवा सञ्चालन गरेवापत हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरणः

(क) अनुमानित सञ्चालन खर्चः

(ख) अनुमानित आयः

(ग) नाफा /नोक्सानको हिसाबः

(घ) महशुल दरः

७. निवेदन साथ संलग्न कागजातहरूः

(क) पहिला पाएको अनुमतिपत्रको प्रतिलिपिः

(ख) आवश्यक अन्य कागजातः

निवेदकको,-

सङ्गठित संस्थाको छाप :

सही :

नामः-

ठेगानाः-

मितिः-

नेपाल कानून आयोग

µअनुसूची-२क.

(नियम ७क. को उपनियम (१) सँग सम्बन्धित)

**<u>पुनः अनुमतिपत्रको लागि दिइने निवेदन</u>**

श्री नेपाल दूरसञ्चार प्राधिकरण,

.................................................।

दूरसञ्चार ऐन, २०५३ को दफा ३३ को उपदफा (४) बमोजिम पुनः अनुमतिपत्र पाउनको लागि देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. पुनः अनुमतिपत्र लिन चाहने व्यक्तिको :

(क) नाम :

(ख) ठेगाना :

स्थायी :

अस्थायी :

२. दूरसञ्चार सेवाको किसिम :

३. सेवाको माग र आपूर्तिको प्रक्षेपणः

४. नेटवर्क विस्तारः

५. नेटवर्कमा हालसम्म प्रयोग गरिएको प्रविधिको विवरणः

६. प्रदान गरिने सेवाको स्तरः

७. प्रयोग गरेको फ्रिक्वेन्सीः

८. दूरसञ्चार सेवा सञ्चालित क्षेत्रः

९. वार्षिक आय व्ययको विवरणः

१०. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात :

(१) पूर्व अनुमतिपत्र बमोजिम प्रदान गरेको सेवाको विस्तृत विवरण,

(२) कम्पनी अद्यावधिक पत्रको प्रतिलिपि,

(३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(४) अवधि समाप्त भएको अनुमतिपत्रको सक्कलै प्रति।

---

µ दशौं संशोधनद्वारा थप।

सङ्गठित संस्थाको छापः

निवेदकको, -
सही :
नाम :
ठेगाना:

नेपाल कानून आयोग

√ अनुसूची-३

(नियम ८ सँग सम्बन्धित)

**अनुमतिपत्र लिन चाहिने पूँजी, प्राविधिक निपुर्णता तथा पेशा सम्बन्धी दक्षता**

दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (१) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ७ को उपनियम (१) बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र लिन चाहने व्यक्तिसँग देहाय बमोजिमको पूँजी र दूरसञ्चार सम्बन्धी देहाय बमोजिमको प्राविधिक निपुर्णता तथा पेशा सम्बन्धी दक्षता हुनु पर्नेछः-

(अ) आवश्यक पर्ने #कुल पूँजी (Net Worth)

१. नेपाल &......... भर स्थानीय टेलिफोन सेवा सञ्चालन गर्नका लागि दुई अरब रूपैयाँ,

२. नेपाल &.......... भर सेलुलर टेलिफोन सेवा सञ्चालन गर्नको लागि पचास करोड रूपैयाँ,

३. अन्तर्देशीय ट्रंक सेवा सञ्चालन गर्नको लागि पचास करोड रूपैयाँ,

४. अन्तर्देशीय ट्रंक र अन्तर्राष्ट्रिय ट्रंक सेवा सञ्चालन गर्नको लागि पचहत्तर करोड रूपैयाँ,

५. माथि उल्लिखित एकभन्दा बढी दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि एउटै अनुमतिपत्र लिने भएमा दुई अरब रूपैयाँ,

६. अन्य दूरसञ्चार सेवा सञ्चालन गर्न तथा कुनै खास स्थानमा दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि लिने अनुमतिपत्रको लागि लाग्ने पूँजी प्राधिकरणले तोक्नेछ ।

(आ) प्राविधिक निपुर्णता र पेशा सम्बन्धी दक्षताः

१. स्थानीय टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा तीन वर्ष स्थानीय टेलिफोन सेवा सञ्चालन गरेको,

२. सेलुलर टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा तीन वर्ष सेलुलर टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा सञ्चालन गरेको,

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

# नेपाल राजपत्रमा मिति २०५६।१०।१७ मा प्रकाशित सुचना द्वारा संशोधित ।

& छैठौं संशोधनद्वारा झिकिएको।

३. अन्तर्देशीय वा अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा तीन वर्ष अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा वा अन्तर्देशीय ट्रंक टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा सञ्चालन गरेको,

४. अन्य दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि प्राधिकरणले तोके बमोजिमको प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता भएको ।

<u>**द्रष्टव्यः-**</u>

१. नेपाल& ......... भर स्थानीय टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा १ लाख ५० हजार टेलिफोन लाईन सञ्चालन गरेको हुनु पर्ने ।

२. नेपाल &........... भर सेलुलर टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा १ लाख ५० हजार लाईन भएको स्थानीय टेलिफोन सेवा वा ५० हजार सेलुलर टेलिफोन लाईन सञ्चालन गरेको हुनु पर्ने ।

३. नेपाल &........... भर स्थानीय टेलिफोन सेवा र सेलुलर टेलिफोन सेवा सञ्चालन गर्नको लागि कम्तीमा ३ लाख टेलिफोन लाईन भएको स्थानीय टेलिफोन सेवा वा कम्तीमा १ लाख ५० हजार टेलिफोन लाईन भएको स्थानीय टेलिफोन सेवाको साथै ५० हजार टेलिफोन लाईन भएको सेलुलर टेलिफोन सेवा सञ्चालन गरेको हुनु पर्ने ।

४. अन्य दूरसञ्चार सेवाहरूको सम्बन्धमा प्राधिकरणले तोके बमोजिम दूरसञ्चार सेवा सञ्चालन गरेको हुनु पर्ने ।

& छैठौं संशोधनद्वारा झिकिएको।

⇨अनुसूची-४

(नियम ७क. को उपनियम (२) र नियम १० को उपनियम (१), (२) र (५) सँग सम्बन्धित)

**<u>दूरसञ्चार सेवा सञ्चालन गर्न दिइने अनुमतिपत्र</u>**

श्री.........................

............................ ।

तपाईलाई दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (१) र (२)/दफा ३३ को उपदफा (४) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ७क. को उपनियम (२)/नियम १० को उपनियम (१), (२) र (५) बमोजिम देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

१. अनुमतिपत्र पाउने व्यक्तिको,-

(क) नामः

(ख) ठेगानाः

स्थायीः

अस्थायीः

२. अनुमतिपत्र दिइएको दूरसञ्चारको किसिमः

३. दूरसञ्चार सेवा सम्बन्धमा,-

(क) काम सञ्चालन गर्नु पर्ने मितिः

(ख) काम सम्पन्न गर्नु पर्ने मितिः

४. दूरसञ्चार प्रणालीको,-

(क) निर्माताः

(ख) आयात गरिने मुलुकः

(ग) गुणस्तरः

५. प्रयोग गर्ने फ्रिक्वेन्सीः

६. ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराउने मितिः

७. फ्रिक्वेन्सी प्रयोग गरे बापत बुझाउनु पर्ने वार्षिक रकमः

८. दूरसञ्चार सेवा सञ्चालन गरिने क्षेत्र,-

(क) जिल्लाः (ख) गा.पा./न.पा.: (ग) वडा नं.:

९. दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्नु पर्ने ग्रामीण क्षेत्र,-

---

⇨ दशौं संशोधनद्वारा संशोधित।

(क) जिल्लाः (ख) गा.पा./न.पा.ः (ग) वडा नं.ः

१०. अनुमतिपत्र नम्बरः

११. अनुमतिपत्र बहाल रहने अवधिः

१२. अनुमतिपत्र नवीकरण गरे बापत बुझाउनु पर्ने वार्षिक दस्तुरः

१३. नेपाल सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टीको रकमः

१४. ग्रामीण क्षेत्रको दूरसञ्चार विकासको लागि वार्षिक रूपमा प्राधिकरणलाई रकम बुझाउनु पर्ने भए सो रकमः

१५. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालना गर्नुपर्ने शर्तः

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छापः

अनुमतिपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

नेपाल कानून आयोग

अनुसूची-५

(नियम १० को उपनियम (६) सँग सम्बन्धित)

**दूरसञ्चार सेवा सञ्चालन गर्न दिइने अनुमतिपत्र**

श्री.........................

............................।

तपाईलाई दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (३) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (६) वमोजिम देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्तिको :-

(क) नाम :

(ख) ठेगाना :

स्थायी :

अस्थायी :

२. अनुमतिपत्र दिइएको दूरसञ्चारको किसिम :

३. दूरसञ्चार प्रणालीको :

(क) निर्माता :

(ख) आयात गरिने मुलुक :

(ग) गुणस्तर :

४. प्रयोग गर्ने फ्रिक्वेन्सी :

५. फ्रिक्वेन्सी प्रयोग गरे वापत बुझाउनु पर्ने वार्षिक रकम :

६. दूरसञ्चार सेवा सञ्चालन गरिने क्षेत्र :

७. अनुमतिपत्र नम्बर :

८. अनुमतिपत्र वहाल रहने अवधि :

९. अनुमतिपत्र नवीकरण गरे वापत बुझाउनु पर्ने नवीकरण दस्तुर :

१०. नेपाल सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टी रकम :

नेपाल कानून आयोग

११. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालन गर्नु पर्ने शर्तहरू :

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छाप :

अनुमतिपत्र दिने अधिकारीको :-

सही :-

नाम :-

पद :-

कार्यालयः-

मिति :-

नेपाल कानून आयोग

√ अनुसूची-६

(नियम ११ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**अनुमतिपत्र वापत लाग्ने दस्तुर**

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम दस्तुर लाग्नेछः-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. ३,००,०००।- |

Ω तर शैक्षिक र स्वास्थ्य संस्थाहरूको आन्तरिक प्रयोजनको लागि सम्बन्धित मन्त्रालयको सिफारिशमा सञ्चालन गरिने ईन्टरनेट (ईमेल सहित) र काठमाण्डौ उपत्यका र उपमहानगर पालिका, नगरपालिकासँग सीमाना जोडिएका गा.वि.स.हरू बाहेकका गा.वि.स.हरूमा सञ्चालन गरिने इन्टरनेट (ईमेल सहित) सेवाको लागि रु. १००।- अनुमतिपत्र दस्तुर लाग्नेछ ।

| | | |
|---|---|---|
| २. | इ-मेल | रु. २,००,०००।- |
| ३. | अडियो टेक्ष्ट/भ्वाइस मेल | रु. २,००,०००।- |
| ४. | भिडियो टेक्ष्ट | रु. २,००,०००।- |
| ५. | फ्याक्स मेल | रु. २,००,०००।- |
| ६. | VSAT | |
| | (क) *........................ | |
| | (ख) VSAT प्रयोगकर्ता | ♥रु ५०,०००।- |

Ωतर शैक्षिक र स्वास्थ्य संस्थाहरूको आन्तरिक प्रयोजनको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा VSAT प्रयोगकर्ता र काठमाण्डौ उपत्यका र उपमहानगरपालिका, नगरपालिकासँग

√ पहिलो संशोधनद्वारा संशोधित ।

Ω नेपाल राजपत्रमा मिति २०६४।०१।३१ को सुचनाद्वारा थप ।

* नेपाल राजपत्रमा मिति २०६४।०८।१० मा प्रकाशित सुचनाद्वारा झिकिएको ।

♥ नेपाल राजपत्रमा मिति २०७३।०२।१० मा प्रकाशित सुचनाद्वारा हेरफेर ।

सिमाना जोडीएका गा.वि.स.हरू बाहेकका गा.वि.स.हरूमा स्थापना गरिने VSAT प्रयोगकर्ता लाई VSAT सेवाको लागि रु. १००।- अनुमतिपत्र दस्तुर लाग्नेछ ।

७. अडियो कन्फरेन्सीङ्ग — रु. ५०,०००।-

८. पे-फोन (Pay Phone) — रु. ३०,००,०००।-

९. प्रि-पेड कलिङ्ग कार्ड (Pre-paid calling card ) — रु. ३०,००,०००।-

∅१०. नेटवर्क सेवा — रु. २५,००,०००।-

♣१०क. ग्लोवल मोबाइल पर्सनल कम्यूनिकेशन सिष्टम (Global Mobile Personal Communication System) — रु. १५,००,०००।-

∆१०ख. निश्चित क्षेत्रभित्र मात्र सीमित रहने तार रहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा

(क) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अन्तर्गतको एरिया कोडभित्र — रु.६०,००,०००।-

(ख) मोरङ्, सुनसरी, धनुषा, चितवन, पर्सा, रूपन्देही, कास्की, बाँके र कैलाली प्रत्येक जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला — रु. ३,००,०००।-

(ग) खण्ड (क) र (ख) बाहेकका अन्य जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला — रु. २,५०,०००।-

♦ ११. रेडियो पेजिङ्ग नेटवर्क

(क) नेपाल& .......... भर — रु. १२,५०,०००।-

(ख) पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र (काठमाडौं उपत्यका बाहेक) — रु. ५,००,०००।-

(ग) काठमाडौं उपत्यका — रु. ५,००,०००।-

---

∅ नेपाल राजपत्रमा मिति २०६४।०८।१० को सुचनाद्वारा संशोधित।

♣ नेपाल राजपत्रमा मिति २०५८।१०।०८ को सुचनाद्वारा थप।

∆ नेपाल राजपत्रमा मिति २०६२।११।२२ को सुचनाद्वारा थप।

♦ नेपाल राजपत्रमा मिति २०६१।०८।१८ को सुचना द्वारा संशोधित।

& छैठौं संशोधनद्वारा झिकिएको।

(घ) पश्चिमाञ्चल विकास क्षेत्र रु. ३,००,०००।-

(ङ) मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र रु. २,००,०००।-

(च) कुनै निश्चित गा.वि.स.मा मात्र सञ्चालन गर्ने भए रु. ७५,०००।-

१२. ट्रंक मोबाइल रेडियो

(क) काठमाडौं उपत्यकामा रु. ५,००,०००।-

(ख) पोखरा र विराटनगर उपमहानगरपालिका तथा विरगञ्ज, भैरहवा, भरतपुर र नेपालगञ्ज नगरपालिकामा रु. २,५०,०००।-

(ग) अन्य क्षेत्रमा रु. १,२५,०००।-

१३. अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम ।

- भिडियो कन्फरेन्सिङ्ग सेवाको लागि रु. १,५०,०००।- (नेपाल राजपत्र मिति २०५५।१२।२९ को सूचना)

≡**<u>द्रष्टव्यः</u>** सम्बत् २०६४ साल असोज १८ गते अघि VSAT Network प्रदायक र स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोजनको लागि) को अनुमतिपत्र प्राप्त गरेका अनुमति प्राप्त व्यक्तिको अनुमतिपत्र नेटवर्क सेवाको अनुमतित्रमा परिणत भएको मानिनेछ ।

≡ नेपाल राजपत्र मा मिति २०६४।०८।१० को सुचनाद्वारा थप ।

≥अनुसूची-६(क)

(नियम ११ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

**अनुमतिपत्र वापत लाग्ने दस्तुर**

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (६) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम दस्तुर लाग्नेछः-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. १,००,०००।- |
| २. | फ्याक्स मेल | रु. ४०,०००।- |
| ३. | VSAT प्रयोगकर्ता | रु. १,००,०००।- |
| ४. | स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोगको लागि) | रु. १५,००,०००।- |
| ५. | स्थानीय टेलिफोन सेवा | रु. ५,००,००,०००।- |
| ६. | अन्तर्देशीय ट्रंक टेलिफोन सेवा | रु. ३,५०,००,०००।- |
| ७. | अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा | रु. ६,२५,००,०००।- |
| ८. | अन्तर्देशीय टेलिग्राफ सेवा | रु. ५,००,०००।- |
| ९. | अन्तर्राष्ट्रिय टेलिग्राफ सेवा | रु. २६,००,०००।- |
| १०. | टेलेक्स सेवा | रु. ३१,००,०००।- |
| ११. | लिज सर्किट सेवा | रु. १५,५०,०००।- |
| १२. | फ्याक्सिमिली (टेली फ्याक्स) सेवा | रु. ३,००,०००।- |
| १३. | प्याकेज स्वीचिङ्ग डाटा सेवा | रु. ३,००,०००।- |
| १४. | अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम । | |

(द्रष्टव्यः सि.नं. ५ देखि सि.नं. १३ सम्मको दस्तुर १० वर्ष अवधिको लागि)

---

≥ पहिलो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

√ अनुसूची-७

(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरण गरे वापत लाग्ने दस्तुर**

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) र (६) बमोजिम दिइने अनुमतिपत्र नविकरण गर्नको लागि देहाय बमोजिम दस्तुर लाग्नेछः-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. २,७०,०००।- |
| | Ωतर शैक्षिक र स्वास्थ्य संस्थाहरूको आन्तरिक प्रयोजनको लागि सम्बन्धित मन्त्रालयको सिफारिशमा सञ्चालन गरिने ईन्टरनेट (ईमेल सहित) र काठमाण्डौ उपत्यका र उपमहानगरपालिका, नगरपालिकासँग सिमाना जोडिएका गा.वि.स.हरू बाहेकका गा.वि.स.हरूमा सञ्चालन गरिने इन्टरनेट (ईमेल सहित) सेवाको लागि रु. ९०।- अनुमतिपत्र नवीकरण दस्तुर लाग्नेछ । | |
| २. | इ-मेल | रु. १,८०,०००।- |
| ३. | अडियो टेक्ष्ट/भ्वाइस मेल | रु. १,८०,०००।- |
| ४. | भिडियो टेक्ष्ट | रु. १,८०,०००।- |
| ५. | फ्याक्स मेल | रु. १,८०,०००।- |
| ६. | VSAT | |
| | (क) *.................... | |
| | (ख) VSAT प्रयोगकर्ता | ♥रु. ४५,०००।- |
| | Ω तर शैक्षिक र स्वास्थ्य संस्थाहरूको आन्तरिक प्रयोजनको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा VSAT प्रयोगकर्ता र काठमाडौं उपत्यका र उपमहानगरपालिका, नगरपालिकासँग | |

√ पहिलो संशोधनद्वारा संशोधित ।

Ω नेपाल राजपत्रमा मिति २०६४/१/३१ को सुचनाद्वारा थप ।

* नेपाल राजपत्रमा मिति २०६४/८/१० मा प्रकाशित सुचना द्वारा झिकिएको

♥ नेपाल राजपत्रमा मिति २०७३/२/१० मा प्रकाशित सुचना द्वारा हेरफेर ।

सिमाना जोडीएका गा.वि.स.हरू बाहेकका गा.वि.स.हरूमा स्थापना गरिने VSAT प्रयोगकर्ता लाई VSAT सेवाको लागि रु. ९०।- अनुमतिपत्र नवीकरण दस्तुर लाग्नेछ ।

७. अडियो कन्फरेन्सीङ्ग रु. ४५,०००।-

८. पे-फोन (Pay phone) रु. २७,००,०००।-

९. प्रि-पेड कलिङ्ग कार्ड (Prepaid calling Card) रु. २७,००,०००।-

[∅]१०. नेटवर्क सेवा रु. २२,५०,०००।-

[♦]११. रेडियो पेजिङ्ग नेटवर्क

(क) नेपाल [&]......... भरी रु. ११,२५,०००।-

(ख) पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र (काठमाडौं उपत्यका बाहेक) रु. ४,५०,०००।-

(ग) काठमाडौं उपत्यका रु. ४,५०,०००।-

(घ) पश्चिमाञ्चल विकास क्षेत्र रु. २,७०,०००।-

(ङ) मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र रु. १,८०,०००।-

(च) कुनै निश्चित गा.वि.स.मा मात्र सञ्चालन गर्ने भए रु. ६७,५००।-

१२. ट्रंक मोबाइल रेडियो

(क) काठमाडौं उपत्यकामा रु. ४,५०,०००।-

(ख) पोखरा र विराटनगर उपमहानगरपालिका तथा विरगञ्ज, भैरहवा, भरतपुर र नेपालगञ्ज नगरपालिकामा रु. २,२५,०००।-

(ग) अन्य क्षेत्रमा रु. १,१२,५००।-

१३. स्थानीय टेलिफोन सेवा रु. ४,५०,००,०००।-

१४. अन्तर्देशीय ट्रंक टेलिफोन सेवा रु. ३,१५,००,०००।-

१५. अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा रु. ५,६२,५०,०००।-

१६. अन्तर्देशीय टेलिग्राफ सेवा रु. ४,५०,०००।-

१७. अन्तर्राष्ट्रिय टेलिग्राफ सेवा रु. २३,४०,०००।-

---

∅ नेपाल राजपत्रमा मिति २०६४/८/१० को सुचना द्वारा संशोधित ।

♦ नेपाल राजपत्रमा मिति २०६१/८/१८ को सुचना द्वारा संशोधित ।

& छैठौं संशोधनद्वारा झिकिएको।

१८. टेलेक्स सेवा रु. २७,९०,०००।-

१९. लिज सर्किट सेवा रु. १३,९५,०००।-

२०. फ्याक्सिमिली (टेली फ्याक्स) सेवा रु. २,७०,०००।-

२१. प्याकेज स्वीचिङ्ग डाटा सेवा रु. २,७०,०००।-

♣२१क. ग्लोवल मोबाइल पर्सनल कम्यूनिकेशन सिष्टम (Global Mobile Personal Communication System) रु. १४,००,०००।-

∆२१ख. निश्चित क्षेत्रभित्र मात्र सीमित रहने तार रहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा

(क) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अन्तर्गतको एरिया कोडभित्र रु. ५४,००,०००।-

(ख) मोरङ्, सुनसरी, धनुषा, चितवन, पर्सा, रूपन्देही, कास्की, बाँके र कैलाली प्रत्येक जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला रु. २,७०,०००।-

(ग) खण्ड (क) र (ख) बाहेकका अन्य जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला रु. २,२५,०००।-

२२. अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम ।

- भिडियो कन्फरेन्सिङ्ग सेवाको लागि रु. १,३५,०००।-

∅**<u>द्रष्टव्यः</u>** सम्बत् २०६४ साल असोज १८ गते अघि VSAT Network प्रदायक र स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोजनको लागि) को अनुमतिपत्र प्राप्त गरेका अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र नेटवर्क सेवाको अनुमतित्रपमा परिणत भएको मानिनेछ ।

---

♣ नेपाल राजपत्रमा मिति २०५८।१०।०८ को सुचनाद्वारा थप ।

∆ नेपाल राजपत्रमा मिति २०६२।११।२२ को सुचनाद्वारा थप ।

∅ नेपाल राजपत्रमा मिति २०६४।०८।१० को सुचनाद्वारा संशोधित ।

अनुसूची-८

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>अनुमतिपत्रमा संशोधन गर्नको लागि दिइने निवेदनपत्र</u>**

श्री नेपाल दूरसञ्चार प्राधिकरण

.................................... ।

मैले त्यस प्राधिकरणबाट मिति........................ मा पाएको अनुमतिपत्रमा उल्लेखित देहाय कुराहरूमा देहाय वमोजिम संशोधन गर्न आवश्यक परेकोले अनुमतिपत्रको प्रतिलिपि संलग्न गरी निवेदन गरेको छु ।

१. अनुमतिपत्रमा भएका कुराहरू :

(क)

(ख)

(ग)

(घ)

२. संशोधन गर्न खोजिएका कुराहरू र सो संशोधन गर्नु पर्नाको कारण :

(क)

(ख)

(ग)

(घ)

सङ्गठित संस्थाको छाप :

निवेदकको,-

सही :

नाम :

मिति :

अनुसूची-९

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

**अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गरी लिने दिने स्वीकृतिको लागि दिइने निवेदनपत्र**

श्री नेपाल दूरसञ्चार प्राधिकरण

.................................... ।

मैले त्यस प्राधिकरणबाट मिति......................मा पाएको अनुमतिपत्र ......... कारणले ......... ....जिल्ला..........गा.वि.स./न.पा...................वडा नं.......बस्ने ...... वर्ष .......को श्री ...................... लाई बिक्री/अन्य तवरले हक हस्तान्तरण गर्न चाहेकोले स्वीकृति पाउन सादर अनुरोध गर्दछु ।

सङ्गठित संस्थाको छाप :

अनुमतिपत्र बिक्री वा हक हस्तान्तरण गर्न चाहने व्यक्तिकोः-

सही :

नाम :

ठेगाना :

मिति :

उपरोक्त लेखिए बमोजिम ....................... ले मलाई ......................... दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमतिपत्र बिक्री/अन्य तवरले हक हस्तान्तरण गर्न चाहेको र सो अनुमतिपत्र मैले किन्न/अन्य तवरले हक हस्तान्तरण गरी लिन चाहेकोले सो अनुमतिपत्र मेरो नाममा बिक्री /अन्य तवरले हक हस्तान्तरण गरी लिन स्वीकृति पाउन सादर अनुरोध गर्दछु ।

सङ्गठित संस्थाको छाप :

अनुमतिपत्र किन्ने वा हक हस्तान्तरण गरि लिन चाहने व्यक्तिकोः-

सही :

नाम :

ठेगाना :

मिति :

**<u>निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरूः-</u>**

(क) अनुमतिपत्रको प्रतिलिपि ।

(ख) अनुमतिपत्र लिन दिन चाहने व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) अनुमतिपत्र बिक्री वा हक हस्तान्तरण गरी दिन चाहेको कारण सम्बन्धी विस्तृत विवरण ।

(घ) अनुमतिपत्र लिन दिन चाहने व्यक्तिहरू बीच आपसमा निर्धारित तत्सम्बन्धी शर्त बन्देज ।

(ङ) अनुमतिपत्र बिक्री गर्ने वा अन्य तवरले हक हस्तान्तरण गरी दिने व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन गर्न छुट्टयाएको पूँजी, निजको प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता ।

(च) अनुमतिपत्र किन्ने वा अन्य तवरले हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिको दूरसञ्चार सेवा सञ्चालन सम्बन्धी कार्य सञ्चालन योजना ।

(छ) अन्य आवश्यक कुराहरू ।

नेपाल कानून आयोग